नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(..........................................................शाखा)

प.सं. :

च.नं. :

सिंहदरवार, काठमाण्डौं

## प्रेस विज्ञप्ति

माननीय कानून,न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्र प्रसाद बडू र नेपालका लागि नर्वेका राजदूत महामहिम Ms. Torun Dramdal बीच आज कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा शिष्टाचार भेटवार्ता भयो ।

शिष्टाचार भेटवार्ताका क्रममा माननीय मन्त्रीज्यूले नेपालका लागि नर्वेका राजदूतलाई बधाई दिदै नेपाल र नर्वे बीच प्रगाढ सम्बन्ध रहेको कुरा उल्लेख गर्नुभयो ।नर्वे सरकार नेपाल सरकारको एक असल साझेदार भएको र लामो समयदेखि मानव अधिकार, लोकतन्त्रको सुदृढिकरण, सुशासन, न्यायमा पहुँच कार्यक्रम र नवीकरणीय उर्जाको क्षेत्रमा नेपाललाई विभिन्न रुपमा सहयोग गरेको उल्लेख गर्दै आउँदा दिनहरुमा समेत द्विपक्षीय र बहुपक्षीय सहयोग र सहकार्य रहने विश्वास व्यक्त गर्नुभयो । माननीय मन्त्रीज्यूले सरल, सहज, छिटो र गुणस्तरीय न्याय सम्पादनका लागि सहकार्यका नयाँ क्षेत्रको पहिचान गरी अघि बढ्ने र सुशासन, विद्युतीय शासन, विकेन्द्रीकरण र लोकतन्त्रको सुदृढिकरणका विषयमा दुई देशका अनुभवहरु आदानप्रदान गरी कार्य गर्ने अपेक्षा व्यक्त गर्नुभयो ।

भेटको क्रममा महामहिम राजदूतज्यूले सुशासन, विधिको शासन, मानवअधिकार, सामाजिक न्याय र शान्ति प्रक्रियाको क्षेत्रमा सहयोग, सहकार्य र समन्वय गर्न नर्वे सरकार सदैव तत्पर रहेको धारणा व्यक्त गर्नुभयो । साथै उहाँले संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम मार्फत न्यायमा पहुँच कार्यक्रममा नर्वे सरकारको सहयोग रहेको विषय स्मरण गर्दै आउँदा दिनहरुमा संस्थागत क्षमता विकास, सुशासन, सिमान्तकृत वर्गको न्यायमा पहुँच लगायतका विषयमा सदैव सहयोग र समन्वय गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

मिति : २०७८।१२।०६

(फणिन्द्र गौतम) १२।६

सह सचिव एवम् प्रवक्ता

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७

फ्याक्स नं.: ४-२११६८४